# अनौपचारिक क्षेत्रमा कार्यरत श्रमिकलाई सामाजिक सुरक्षा कोषमा आबद्ध गर्न प्रारम्भिक योगदानमा सह-योगदान गर्ने सम्बन्धी कार्यविधि, २०८२

मानननीय मन्त्रिस्तरीय निर्णयबाट
स्वीकृत मितिः २०८३/०३/०३

**प्रस्तावनाः** यस मन्त्रालयको नीति तथा कार्यक्रम एवं बजेट कार्यक्रम क्रियाकलाप नम्बर २.६.४.५१ मा उल्लेख भए बमोजिम तथा वार्षिक कार्यक्रम कार्यान्वयन कार्यविधिको दफा २२ अनुरूप अनौपचारिक क्षेत्रमा कार्यरत श्रमिकलाई सामाजिक सुरक्षा कोषमा आबद्ध गराई सामाजिक सुरक्षा प्रदान गर्न, सामाजिक सुरक्षा कोषमा जम्मा गर्नुपर्ने योगदान रकम मध्ये श्रमिकको नाममा प्रारम्भिक योगदानमा सहुलियत प्रदान गरी श्रमिकलाई सामाजिक सुरक्षा कार्यक्रममा स्थानीय तह मार्फत सहभागी गराउन तथा कार्यक्रमको दायरा विस्तार गर्न आवश्यक भएकाले प्रदेश विनियोजन ऐनको दफा (११) को उपदफा (२) बमोजिम यो कार्यविधि जारी गरिएको छ।

## परिच्छेद- १

## प्रारम्भिक

१. **संक्षिप्त नाम र प्रारम्भः** (१) यस कार्यविधिको नाम "अनौपचारिक क्षेत्रमा कार्यरत श्रमिकलाई सामाजिक सुरक्षा कोषमा आबद्ध गर्न प्रारम्भिक योगदानमा सह-योगदान गर्ने सम्बन्धी कार्यविधि, २०८२" रहेको छ।

(२) यो कार्यविधि मन्त्रालयबाट स्वीकृत भएको मितिबाट लागू हुनेछ।

२. **उद्देश्यः** यो कार्यविधिको उद्देश्य देहाय बमोजिम हुनेछः

(क) अनौपचारिक क्षेत्रमा कार्यरत श्रमिकलाई सामाजिक सुरक्षा प्रणालीमा आबद्ध गराउँदै श्रमिकको औपचारिकीकरण गर्नु।

(ख) सामाजिक सुरक्षा कोषमा स्थानीय तह मार्फत प्रारम्भिक योगदानमा सहुलियत प्रदान गर्नु।

(ग) श्रमिकको सामाजिक सुरक्षाको हक सुनिश्चित गर्नु।

(घ) सामाजिक सुरक्षा कोषको दायरा विस्तार गर्नु।

३. **परिभाषाः** विषय वा प्रसंगले अर्को अर्थ नलागेमा यस कार्यविधिमाः-

(क) "अनौपचारिक क्षेत्रमा रहेको श्रमिक" भन्नाले औपचारिक प्रवन्धले नसमेटिने सबै प्रकारका श्रमिकहरू सम्झनु पर्छ।

महाशाखा प्रमुख

नि. प्रदेश सचिव

मानननीय जयराम थापा
मन्त्री

(ख) "कार्यक्रम" भन्नाले यस कार्यविधि बमोजिम सञ्चालन हुने सह-योगदान कार्यक्रमलाई जनाउँछ।

(ग) "मन्त्रालय" भन्नाले श्रम, रोजगार तथा यातायात मन्त्रालयलाई जनाउँछ।

(घ) "श्रमिक" भन्नाले पारिश्रमिक लिई रोजगारदाताको लागि शारीरिक वा बौद्धिक कार्य गर्ने कामदार कर्मचारी वा जुनसुकै पदनाम दिई काममा लगाइएको व्यक्ति सम्झनु पर्छ।

(ङ) "समिति" भन्नले दफा ५ बमोजिमको कार्यक्रम कार्यान्वयन समिति सम्झनुपर्छ।

(च) "सह-योगदान" भन्नाले स्थानीय तह र प्रदेश सरकारले अनौपचारिक क्षेत्रमा रहेको श्रमिकलाई सामाजिक सुरक्षा कोषमा आबद्ध गराउन उपलब्ध गराउने रकमलाई जनाउँछ।

## परिच्छेद- २

## कार्यक्रम सञ्चालन

४. **कार्यक्रम सञ्चालन:** (१) मन्त्रालयले अनौपचारिक क्षेत्रमा कार्यरत श्रमिकलाई सामाजिक सुरक्षा कोषमा आबद्ध गराउन सह-योगदान कार्यक्रम सञ्चालन गर्नेछ।

(२) कार्यक्रम स्थानीय तह तथा सामाजिक सुरक्षा कोषसँगको समन्वयमा सञ्चालन गरिनेछ।

५. **कार्यक्रम कार्यान्वयन समिति:** कार्यक्रम सञ्चालनका लागि मन्त्रालयमा देहाय बमोजिम समिति गठन गरिनेछ:

(क) प्रशासन तथा योजना महाशाखा प्रमुख, मन्त्रालय -संयोजक

(ख) श्रम तथा रोजगार महाशाखा प्रमुख -सदस्य

(ग) आर्थिक प्रशासन शाखा प्रमुख, मन्त्रालय -सदस्य

(घ) आर्थिक मामिला तथा योजना मन्त्रालयको अधिकृत स्तरको प्रतिनिधि-सदस्य

(ङ) सामाजिक सुरक्षा कोषको अधिकृत स्तरको प्रतिनिधि -सदस्य

(च) योजना शाखा प्रमुख -सदस्य सचिव

(२) समितिको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछ:

महाशाखा प्रमुख

नि. प्रदेश सचिव

२०८०।८।१

माननीय जयराम थापा
मन्त्री

(क) अनौपचारिक क्षेत्रमा कार्यरत श्रमिकलाई सामाजिक सुरक्षा कोषमा आबद्ध गराई सामाजिक सुरक्षा प्रदान गर्ने सम्बन्धी कार्यक्रम कार्यान्वयनमा समन्वय गर्ने,

(ख) कार्यक्रम सञ्चालन गर्न स्थानीय तह छनोट गरी रकम निकासा सम्बन्धमा सिफारिस गर्ने,

(ग) छनोट भई सह-योगदान रकम प्राप्त गर्ने स्थानीय तहले गरेका कार्यको अनुगमन गर्ने,

(घ) कार्यक्रम कार्यान्वयनको प्रगति मूल्याङ्कन गरी मन्त्रालय समक्ष प्रतिवेदन पेस गर्ने।

६. स्थानीय तह छनोटः (१) मन्त्रालयले सह-योगदान कार्यक्रम सञ्चालनका लागि स्थानीय तहबाट अनुसूची-१ बमोजिमको ढाँचामा प्रस्ताव माग गर्नेछ।

(२) समितिले उपदफा (१) बमोजिम प्राप्त प्रस्तावहरूको देहायका आधारमा अनुसूची- २ बमोजिम मूल्याङ्कन गर्नेछ।

(क) लाभग्राही श्रमिक संख्या

(ख) कार्यक्रम कार्यान्वयन क्षमता

(ग) स्थानीय तहको प्रतिबद्धता

(३) यस कार्यक्रममा छनौट हुनको लागि उपदफा (२) बमोजिमको मूल्याङ्कनमा न्यूनतम पचास प्रतिशत अङ्क प्राप्त गरेको हुनु पर्नेछ।

## परिच्छेद- ३

## श्रमिक दर्ता तथा आबद्धता

७. श्रमिक पहिचानः स्थानीय तहले अनौपचारिक क्षेत्रमा कार्यरत श्रमिकको देहायको आधारमा पहिचान गरी दर्ता गर्नुपर्नेछ।

(क) परिवारको सम्पत्तिको अवस्था र उत्पादनले खान पुग्ने समय,

(ख) घरको वनावट,

(ग) स्थानीय उत्पदान/ कलालाई प्रवद्धन कार्यमा संलग्न,

(घ) परिवारका सदस्य संख्या,

(ङ) परिवारका सदस्यहरुको रोजगारीको अवस्था,

(च) घरमुलीको अवस्थाः एकल महिला, फरक क्षमता वा अशक्तता,

(छ) अन्य।

८. <u>श्रमिक दर्ता:</u> (१) स्थानीय तहले श्रमिक दर्ता गर्दाको विवरण प्रस्तावको साथ संलग्न गर्नुपर्नेछ।

(२) स्थानीय तहमा दर्ता भएका श्रमिकलाई मात्र सामाजिक सुरक्षा कोषमा आबद्ध गराउन सकिनेछ।

९. <u>लक्षित श्रमिक:</u> (१) अनौपचारिक क्षेत्रमा कार्यरत देहाय बमोजिमका श्रमिक यस कार्यक्रममा समावेश हुन सक्नेछन्:

(क) कृषि श्रमिक

(ख) निर्माण श्रमिक

(ग) घरेलु श्रमिक

(घ) यातायात श्रमिक

(ङ) औपचारिक प्रबन्धले नसमेटिने अन्य प्रकारका श्रमिकहरु।

## परिच्छेद- ४

## <u>सह-योगदानको व्यवस्था</u>

१०. <u>सह-योगदान कार्यक्रम सञ्चालन:</u> (१) अनौपचारिक क्षेत्रमा कार्यरत श्रमिकलाई सामाजिक सुरक्षा कोषमा आबद्ध गराउन स्थानीय तहमार्फत कार्यक्रम सञ्चालन गरिनेछ।

(२) कार्यक्रममा आबद्ध हुनका निमित्त स्थानीय तहले अनौपचारिक क्षेत्रमा कार्यरत श्रमिकलाई सामाजिक सुरक्षा कोषमा आबद्ध गराउनको लागि सोही आर्थिक वर्षको लागि बजेट विनियोजन गरेको हुनुपर्नेछ।

(३) उपदफा (२) बमोजिम श्रमिकको नाममा सामाजिक सुरक्षा कोषमा योगदान रकम जम्मा गर्ने प्रक्रिया प्रारम्भ गरेपछि उक्त स्थानीय तहलाई यस कार्यविधि बमोजिम सह-योगदान बापतको रकम उपलब्ध गराइनेछ।

(४) स्थानीय तहले सह-योगदान बापत प्राप्त गरेको रकम सामाजिक सुरक्षा कोषमा श्रमिकको नाममा जम्मा गर्ने व्यवस्था मिलाउनुपर्ने छ।

११. <u>सह-योगदान को सीमा:</u> (१) श्रमिकको नाममा सामाजिक सुरक्षा कोषमा योगदान गर्नुपर्ने रकममध्ये उक्त रकमको अधिकतम ५० प्रतिशतसम्म यस कार्यक्रम अन्तर्गत सह-योगदान रकम स्थानीय तहलाई उपलब्ध गराउन सकिनेछ।

महाशाखा प्रमुख

नि. प्रदेश सचिव

माननीय जयराम थापा
मन्त्री

(२) सह-योगदान रकम कार्यक्रमका लागि विनियोजित बजेट तथा स्थानीय तहको सहलगानीको आधारमा प्रदान गरिनेछ र सो को सम्झौता मन्त्रालयले अनुसूची- ३ बमोजिम प्रत्येक स्थानीय तहसँग गर्नेछ।

## परिच्छेद- ५
## <u>बजेट तथा वित्तीय व्यवस्था</u>

१२. <u>बजेट व्यवस्था:</u> सह-योगदान कार्यक्रम सञ्चालनका लागि आवश्यक बजेट मन्त्रालयको स्वीकृत वार्षिक कार्यक्रममा व्यवस्था भए बमोजिम गर्नेछ।

१३. <u>खर्चको लेखा र लेखापरीक्षण:</u> कार्यक्रम अन्तर्गत भएको खर्च र सोको लेखापरीक्षण प्रचलित कानुनबमोजिम हुनेछ।

## परिच्छेद- ६
## <u>अनुगमन तथा मूल्याङ्कन</u>

१४. <u>अनुगमन:</u> मन्त्रालयले कार्यक्रमको समय समयमा अनुगमन गर्न सक्नेछ र आवश्यक परेमा स्थलगत अनुगमन समेत गर्न सक्नेछ।

१५. <u>प्रतिवेदन:</u> (१) स्थानीय तहले यस कार्यविधिबमोजिम सञ्चालन गरेको कार्यक्रमको प्रत्येक त्रैमासिक प्रगति विवरणसहितको प्रतिवेदन मन्त्रालयमा पठाउनु पर्नेछ।

(२) उपदफा (१) बमोजिमको प्रतिवेदनमा कार्यक्रमको प्रतिवेदन अवधिभित्र सह-योगदान गरिएको श्रमिकको विवरणसहितको वित्तीय प्रगतिसमेत स्पष्ट हुने गरी पठाउनु पर्नेछ।

(३) मन्त्रालयले कार्यक्रम अन्तर्गत सह-लगानी रकम उपलब्ध गराउँदा उपदफा (२) बमोजिमको प्रतिवेदनलाई आधार लिन सक्नेछ।

## परिच्छेद- ७
## <u>विविध</u>

१६. <u>बाधा अड्काउ फुकाउ:</u> यस कार्यविधि कार्यान्वयनका सम्बन्धमा तथा कार्यक्रम सञ्चालन सम्बन्धमा द्विविधा उत्पन्न भएमा मन्त्रालयले स्थानीय तहसँगको समन्वयमा बाधा अड्काउ फुकाउ गर्नेछ।

१७. <u>कार्यक्रम संशोधन तथा परिमार्जन:</u> यस कार्यविधि कार्यान्वयनमा कुनै बाधा वा समस्या आइपरेमा आर्थिक दायित्व पर्ने विषयमा आर्थिक मामिला तथा योजना मन्त्रालयको सहमतिमा र अन्य विषयमा मन्त्रालयले आवश्यक संशोधन तथा परिमार्जन गर्न सक्नेछ।

महाशाखा प्रमुख

५

माननीय मन्त्री

## अनुसूची- १

(दफा ६ को उपदफा (१) सँग सम्बन्धित)

**स्थानीय तहबाट पेश गरिने प्रस्तावको ढाँचा**

**क. सामान्य विवरण**

१. स्थानीय तहको नाम : ______________________

२. जिल्ला : ______________________

३. सम्पर्क व्यक्ति (नाम र पद) : ______________________

४. सम्पर्क नम्बर : ______________________

**ख. कार्यक्रम सम्बन्धी विवरण**

१. कार्यक्रमको नाम : ______________________

२. कार्यक्रम सञ्चालन गर्ने क्षेत्र (वडा/स्थान) : ______________________

३. लाभग्राही श्रमिक विवरण

३.१. लाभग्राही श्रमिक संख्या (*श्रमिकको सामाजिक सुरक्षा कोष परिचय पत्र नं. सहितको विवरण संलग्न गरी पठाउने।*) : ______________________

३.२. श्रमिकको प्रकार:

- कृषि
- निर्माण
- घरेलु
- यातायात
- अन्य ______________________

**ग. कार्यक्रम कार्यान्वयन योजना**

१. श्रमिक पहिचान गरेको तरिका : ______________________

२. दर्ता प्रक्रिया : ______________________

३. सामाजिक सुरक्षा कोषमा आबद्ध गरेको प्रक्रिया : ______________________

४. कार्यक्रम सञ्चालन समयावधि : ______________________

५. बजेट र कोष सम्बन्धी विवरण

| क्र.सं. | खर्च शीर्षक | रकम (रु.) | प्रतिशत |
|---|---|---|---|
| १ | श्रमिक योगदान (स्थानीय तहबाट) | | |
| २ | सह-योगदान अपेक्षित रकम | | |

महाशाखा प्रमुख

सचिव

माननीय जयराम थापा मन्त्री

| | | | |
|---|---|---|---|
| ३ | अन्य | | |
| जम्मा | | | |

६. स्थानीय तहको प्रतिबद्धता

यस कार्यक्रम सफलतापूर्वक सञ्चालन गर्ने प्रतिबद्धता व्यक्त गर्दछु/गर्दछौं।

नाम : ______________________

पद : ______________________

हस्ताक्षर : ______________________

मिति : ______________________

अनुसूची- २

(दफा ६ को उपदफा (२) सँग सम्बन्धित)

## प्रस्ताव मूल्याङ्कन मापदण्ड

स्थानीय तहबाट प्राप्त प्रस्तावहरूको मूल्याङ्कन देहाय बमोजिम गरिनेछः प्रस्ताव मूल्याङ्कन मापदण्ड (Criteria)

१. लाभग्राही श्रमिक संख्या (३० अङ्क)

| लाभग्राही श्रमिक संख्या | प्राप्त अङ्क |
|---|---|
| ५०० भन्दा बढी | ३० |
| ३०० — ५०० | २५ |
| २०० — ३०० | २० |
| २०० भन्दा कम | १५ |

२. कार्यक्रम कार्यान्वयन क्षमता (२० अङ्क )

| मापदण्ड | प्राप्त अङ्क |
|---|---|
| डिजिटल दर्ता प्रणाली र अनुभव भएको | २० |
| सामान्य तयारी भएको | १० |

३. स्थानीय तहको प्रतिबद्धता तथा सहलगानी (५० अङ्क)

| सहलगानी स्तर | प्राप्त अङ्क |
|---|---|
| ७०% भन्दा माथि | ५० |
| ६०% भन्दा माथि ७०% सम्म | ४० |
| ५०% देखि ६०% सम्म | ३० |

महाशाखा प्रमुख

प्रि. प्रदेश सचिव

माननीय जयराम थापा
मन्त्री

## अनुसूची- ३

(४०) दफा ११ को उपदफा २ सँग सम्बन्धित)

**<u>सम्झौता-पत्र</u>**

बागमती प्रदेश सरकार श्रम, रोजगार तथा यातायात मन्त्रालय, हेटौंडा मकवानपुर (प्रथम पक्ष) र श्री (स्थानीय तहको नाम) सम्झौता।

उपरोक्त सम्बन्धमा श्रम, रोजगार तथा यातायात मन्त्रालय, बागमती प्रदेश, हेटौंडा मकवानपुरको आ.व. २०८२/८३ को वार्षिक स्वीकृत अनौपचारिक क्षेत्रमा कार्यरत श्रमिकको लागि सामाजिक सुरक्षा कार्यक्रम अन्तर्गत तपसिल बमोजिम शर्तमा सामाजिक सुरक्षा कार्यक्रमको सहयोगदानको सम्झौता भएको छ। तपसिलमा उल्लेखित सर्तनामाहरू पालना गर्ने गरि दुई पक्षीय सम्झौता पत्र लेखि सहिछाप गरि १/१ प्रति बुझिलियौ।

**सर्तनामाहरू:**

१. कार्यक्रमको नाम:

२. कार्यक्रमको उप-शीर्षक खर्च शीर्षक र क्रियाकलाप:

३. कार्यक्रम/ क्रियाकलाप आयोजना गर्ने निकाय वा संस्था:

४. कार्यक्रम सुरु हुने अवधि:

५. सह-योगदान संरचना (Core Policy Clause)

- प्रति श्रमिक मासिक योगदान: रु.
- प्रति श्रमिक वार्षिक योगदान: रु.
- मन्त्रालयबाट सह-योगदान: स्थानीय तहले जम्मा गरेको रकमको अधिकतम ५०% सम्म मात्र

(सह-योगदान विनियोजित बजेटको सिमा भित्र सीमित रहनेछ)

६. कार्यक्रममा सम्पादन गर्नु पर्ने कार्यहरू र सो मा सम्झौता हुने रकमको विवरण:

क. **प्रस्तावमा उल्लेख भए बमोजिम**

- लाभग्राही संख्या: ........... जना
- मासिक योगदान: रु. ...........
- वार्षिक योगदान: रु. ...........

७. **अवधि:**

मिति ...................... देखि ...................... सम्म

शाखा प्रमुख

नि. प्रदेश सचिव

माननीय जयराम थापा
मन्त्री

८. **मन्त्रालयको दायित्वः**

- बजेट उपलब्ध गराउने।
- अनुगमन तथा मूल्यांकन गर्ने।
- समन्वय तथा सहजीकरण गर्ने।

९. **स्थानीय तहको दायित्वः**

- श्रमिक पहिचान तथा दर्ता गर्ने।
- कोषमा रकम जम्मा गर्ने।
- प्रतिवेदन पेश गर्ने।

१०. **अनुगमन तथा मूल्याङ्कनः**

- मन्त्रालयबाट नियमित तथा स्थलगत अनुगमन गरिनेछ।
- आवश्यक परे संयुक्त अनुगमन व्यवस्था गर्न सकिनेछ।

११. **प्रतिवेदन तथा लेखापरीक्षण**

- स्थानीय तहले त्रैमासिक प्रतिवेदन पेश गर्ने।
- खर्चको लेखा प्रचलित वित्तीय नियम अनुसार राखिने।
- लेखापरीक्षण प्रचलित कानून बमोजिम गरिने।
- कार्यक्रमको अवधारणा विकास तथा योजना तयार गर्नुपर्नेछ।
- अन्तिम प्रतिवेदन तयार गरी मन्त्रालयमा पेश गर्नुपर्ने।

१२. भुक्तानीको विधिः कार्य सम्पन्न प्रतिवेदन र अन्य कागजात एवम् भुक्तानीको निवेदनको अनुरूप भुक्तानी गरिने।

१३. कार्यक्रमको लागि सम्झौता रकम भन्दा बढि भुक्तानीको लागि माग भएमा मन्त्रालय थप रकम दिन बाध्य हुने छैन।

१४. कार्यक्रमको लागि सम्झौतामा उल्लेखित कार्यहरू सम्पादन गर्दा मन्त्रालयसँग समन्वय गरि सम्पादन गर्नु पर्ने छ।

१५. कार्यक्रमको लागि सम्झौतामा उल्लेखित कार्यहरू गर्दा कुनै किसिमको विवाद उत्पन्न भएमा मन्त्रालयको निर्णय अन्तिम हुनेछ।

१६. कार्यक्रमको लागि सम्झौतामा उल्लेखित रकमहरू अन्य निकायहरू बाट दोहोरो भुक्तानी हुने गरि माग गर्न पाइने छैन सो भएमा प्रचलित कानुन बमोजिम कारबाहीको लागि भागीदार हुनु पर्नेछ।

महाशाखा प्रमुख

माननीय जयराम थापा
मन्त्री

१७. तोकिएको जिम्मेवारी समयमै गर्न नसकेमा सो को जानकारी छिटो माध्यमद्वारा मन्त्रालयलाई दिनु पर्नेछ।

१८. सम्झौतामा छुट हुन गएका अन्य विषयहरू प्रचलित ऐन नियम कानुन बमोजिम हुनेछ।

| दोस्रो पक्ष फर्म वा संस्था तर्फबाटः | पहिलो पक्ष कार्यालय तर्फबाटः |
| --- | --- |
| नाम : | नाम : |
| पद : | पद : |
| दस्तखत : | दस्तखत : |
| मिति : | मिति : |

महाशाखा प्रमुख

नि. प्रदेश सचिव